प्रदेश सरकार
प्रदेश नं. १
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय, मोरङ

विराटनगर, नेपाल

फोन न. :- ०२१ ४६०४०४

मिति : २०७५/१२/१४

प. सं. २०७५/०७६ (यो.)

च.नं. ३६६९

**बिषय : सुचना टाँस गरी जानकारी पठाई दिने बारे**

श्री महानगरपालिकाको कार्यालय, विराटनगर
श्री नगरपालिकाको कार्यालय, रंगेली / सुनवर्षी / रतुवामाई / उर्लाबारी / पथरी-शनिश्चरे / बेलबारी / सुन्दर-हरैचा / लेटाङ
श्री गाउपालिकाको कार्यालय, बुढीगंगा / ग्रामथान / कटहरी / जहदा / धनपालथान / कानेपोखरी / केराबारी / मधुमल्ला

प्रस्तुत बिषयमा **बाँसमा आधारित उद्यम संचालन सम्बन्धी प्रस्ताव आव्हान** को यसैसाथ संलग्न सुचना तहाँ कार्यालयको सुचना पाटीमा टाँस गरी जानकारी दिनु हुन आदेशानुसार अनुरोध छ ।

किशोर बराल
सहायक वन अधिकृत

**सहायक** बन अधिकृत

श्री प्रशासन शाखा
सुचना टाँस गरी
जानकारी ५६।३१
९८६५११४११

**कैराबारी गाउँपालिका**
गाउँ कार्यपालिकाको **कार्यालय**
केराबारी, मोरङ
दर्ता नं: २६८३
**दर्ता मिति:** २०७५।१२।१९

डिभिजनल वन अधिकृत
(रा.प.द्वि.प्रा.)

# डिभिजन वन कार्यालय मोरङको
## बाँसमा आधारित उद्योग स्थापना सम्बन्धी प्रस्ताव आव्हानको सुचना
### प्रथम पटक प्रकाशित मिति : २०७५/१२/१५

यस कार्यालयको आ.व.२०७५/०७६ को नेपाल सरकारद्धारा हस्तान्तरित सशर्त कार्यक्रम तर्फको स्विकृत बार्षिक राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम अन्तर्गत अधिकतम ५०% (रु.१०,००,०००/-) अनुदानमा मोरङ जिल्लामा प्रतिस्पर्धाको आधारमा बाँसमा आधारित उद्योग (वटा १) स्थापना गर्ने कार्यक्रम रहेकोले देहायका शर्तहरुको अधिनमा रही बाँसमा आधारित उद्योग स्थापना गर्न योग्यता पुगेका ईच्छुक व्यक्ति/उद्यमीबाट यो सुचना प्रकाशन भएको मितिले ३०औ दिनको अपरान्ह १२:०० भित्र **वन पैदावारमा आधारित वन उद्यम स्थापना तथा** व्यक्ति/उद्यमीबाट यो सुचना प्रकाशन भएको मितिले ३०औ दिनको अपरान्ह १२:०० भित्र मा तोकिएको कागजातहरु संलग्न राखी तोकिएको ढाँचामा शिलवन्दी प्रस्ताव पेश गर्न यो सुचना **सञ्चालन कार्यविधि, २०७५** को परिच्छेद ४.६(क) मा तोकिएको कागजातहरु संलग्न राखी तोकिएको ढाँचामा शिलवन्दी प्रस्ताव पेश गर्न यो सुचना आव्हान गरिएको छ। रित नपुगेका र म्याद नाघी प्राप्त भएका प्रस्ताव उपर कुनै कारवाही गरिने छैन।

**शर्तहरु**

क) प्रस्तावक मुल्य अभिबृद्धि करमा दर्ता भएको हुनु पर्नेछ।

ख) प्रस्तावको ढाँचा यस कार्यालयबाट प्राप्त गर्न सकिनेछ। पेश गरिने शिलवन्दी प्रस्तावको बाहीरी खाममा प्रस्तावकको नाम, ठेगाना, सम्पर्क नम्बर र प्रस्तावको नाम (बाँसमा आधारित उद्योग स्थापना सम्बन्धी प्रस्ताव) उल्लेख गर्नुपर्ने छ।

ग) शिलवन्दी प्रस्ताव डिभिजन वन कार्यालय, मोरङ, विराटनगरमा म्यादभित्र दाखिला गर्नुपर्नेछ। दाखिला गर्दा निम्न बमोजिमको कागजात पेश गर्नुपर्नेछ।

- संस्था वा फर्म भएमा लेटर प्याडमा वा रु.१० को टिकट टाँसेको आवेदन पत्र
- नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि (व्यक्तिको हकमा)
- दर्ता प्रमाणपत्र, मुल्य अभिबृद्धि कर प्रमाण पत्र, हालसालको कर चुक्ता प्रमाणपत्र, बार्षिक नविकरण
- आयकर दर्ता प्रमाण पत्र
- तोकिएको विवरण सहितको व्यवसायिक योजना
- उद्योग स्थापना हुने स्थानको जग्गाधनी प्रमाण पत्र, हालसालैको तिरो तिरेको रसिदको प्रतिलिपी, कित्ता देखिने प्रमाणित नक्शा

घ) सुचना प्रकाशन भएको मिति अगावै वन पैदावारमा आधारित उद्योग स्थापना गर्ने उद्देश्य राखी प्रचलित कानून बमोजिम दर्ता भएको हुनु पर्नेछ।

ङ) उद्योग स्थापनाको लागि तोकिए बमोजिमको उपयुक्त जग्गा कम्पनीको आफ्नो नाममा वा प्रोप्राइटर वा संचालक सदस्यको नाममा दर्ता भएको हुनु पर्नेछ।

च) उद्योग स्थापनाको गर्ने प्रस्तावित जग्गामा सडक, थ्री फेज लाइन भएको वा जडान गर्न सक्ने लगायतका आवश्यक पूर्वाधारहरुको व्यवस्थापन तथा सुलभ पहुँच भएको हुनुपर्नेछ।

छ) उद्योग स्थापनाको लागि आवश्यक पर्ने जग्गा खरीद/व्यवस्थापन/सञ्चालनमा प्रस्तावक स्वयंले लगानी गर्नुपर्नेछ। यस्तो खर्च अनुदान रकममा समावेश गर्न पाइने छैन।

ज) उद्योग स्थापनाको लागि उद्यमी/संघसंस्थाले न्यूनतम ५० प्रतिशत लागत व्यहोनु पर्नेछ।

झ) अनुदानमा प्राप्त हुने रकमबाट मेसीनरी औजार लगायतका बस्तु तथा सेवा खरीद गर्न र अनुदानको ५० प्रतिशत रकम भवन निर्माण/मर्मतमा खर्च गर्न सकिनेछ।

ञ) पेश हुन आउने प्रस्तावलाई **वन पैदावारमा आधारीत वन उद्यम स्थापना तथा संचालन कार्यविधि,२०७५ को परिच्छेद ३ को दफा (४) अनुसार गठित** समिति आफै वा आवश्यकता अनुसार उपसमिति बनाई तोकिए बमोजिमको सुचकको आधारमा मुल्यांकन गरिनेछ।

ट) अनुदान रकम प्राप्त गर्ने प्रस्तावकले काबु बाहिरको परिस्थिती बाहेकको अवस्थामा २ बर्षभित्र उद्यम सञ्चालन नगरेमा र नियमित रुपमा कस्तीमा ५ बर्ष सम्म उद्योग संचालन नगरेमा अनुदानमा प्राप्त रकम सरकारी बाँकी सरल असुल उपर गरिनेछ।

ठ) प्रस्ताव आव्हान सम्वन्धि थप जानकारी चाहिएमा कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

ड) प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा हुनेछ।

ढ) अन्य शर्त प्रचलित कानुन (ऐन नियम, निर्देशिका र कार्यविधि) बमोजिम हुनेछ।

नोट : प्राप्त शिलवन्दी प्रस्तावहरु उपस्थित हुन चाहने आवेदकहरुको उपस्थितिमा सूचना प्रकाशन भएको मितिले ३१औं दिनको अपरान्न २:०० बजे खोलिनेछ। यदि सो दिन बिदा परेमा लगतै कार्यालय खुलेको दिन सोही समयमा खोलिने छ। सो समयमा आवेदकहरुको उपस्थिति नभएमा शिलवन्दी प्रस्ताव खोल्न बाधा पर्ने छैन।

**सम्पर्कको लागि ठेगाना**
डिभिजन वन कार्यालय, मोरङ
फोन न. ०२१४६०४०४
इमेल : dfomorang@.gmail.com